Reg.No.: 1287/067/068

Central Office:
Chabahil-7, Kathmandu, Nepal
Phone No: 01-4598333, 01-4598334
E-mail: info@civillaghubitta.com.np
Web.: www.civillaghubitta.com.np

# सिभिल लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

## CIVIL LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(A subsidiary company of Civil Bank Limited)

# UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

## As at 4th Quarter (2077/03/31) of the Fiscal Year 2076/77

(NPR in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1,536,336** | **1,366,645** | **1,078,451** |
| 1.1 | Paid-up Capital | 178,041 | 119,820 | 119,820 |
| 1.2 | Reserves and Surplus | 35,247 | 32,791 | 20,979 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 833,155 | 734,435 | 614,830 |
| 1.5 | Deposits (a+b) | 402,367 | 384,297 | 271,126 |
| | a. Domestic Currency | 402,367 | 384,297 | 271,126 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 6,294 | 5,436 | 7,461 |
| 1.7 | Other Liabilities | 81,232 | 89,867 | 44,235 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1,536,336** | **1,366,645** | **1,078,451** |
| 2.1 | Cash & Bank Balance | 184,329 | 57,018 | 33,019 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | 1,302,977 | 1,254,066 | 1,021,558 |
| 2.5 | Fixed Assets | 16,258 | 20,182 | 12,063 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 32,772 | 35,379 | 11,811 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter Ending** | **Up to Previous Quarter Ending** | **Up to Corresponding Previous Year Quarter Eanding** |
| 3.1 | Interest income | 200,785 | 137,350 | 130,456 |
| 3.2 | Interest Expense | 104,394 | 78,125 | 65,825 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **96,391** | **59,224** | **64,631** |
| 3.3 | Fees Commission and Discount | 790 | 721 | - |
| 3.4 | Other Operating Income | 33,077 | 29,795 | 31,660 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **130,258** | **89,740** | **96,291** |
| 3.6 | Staff Expenses | 64,781 | 45,876 | 39,808 |
| 3.7 | Other Operating Expenses | 31,023 | 22,478 | 21,502 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **34,453** | **21,386** | **34,981** |
| 3.8 | Provision for Possible Loss | 12,443 | 2,520 | 9,319 |
| **D** | **Operating profit (C-3.8)** | **22,010** | **18,866** | **25,662** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 1,067 | 1,067 | |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **23,077** | **19,933** | **25,662** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **23,077** | **19,933** | **25,662** |
| 3.12 | Provision For Staff Bonus | 2,098 | 1,812 | 2,333 |
| 3.13 | Provision For Tax | 6,294 | 5,436 | 7,281 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **14,686** | **12,685** | **16,048** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 15.22% | 10.93% | 13.38% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.56% | 2.66% | 1.34% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 90.70% | 61.06% | 174.52% |
| 4.4 | Cost of Funds | 7.83% | 10.14% | 10.93% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 224.49% | 233.57% | 265.19% |

Note: 1. Civil Laghubitta Bittiya Sanstha's accounts of Ashad End 2077 have been certified by the Company's Internal Auditor, which could be changed if the statutory auditor / supervisory authority notify and remarks to chage the unaudited financial statements.

| Interest Rate : | | | |
|---|---|---|---|
| 1. | Deposit : 2% - 8.91% | 2. | Loan & Advance : 15% |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०७६/७७ को चौथो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण** :

(क) यस सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड (सिभिल बैंक लिमिटेडको सहायक कम्पनी) को यस त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ। सिभिल बैंक लि. को यस वित्तीय संस्थामा कुल ५१ प्रतिशत सेयर स्वामित्व रहेको छ। यस वित्तीय संस्थासंग सम्बन्धित पक्ष सिभिल बैंक लि. सँगको कारोबार निम्न बमोजिम रहेको छ।

| सिभिल बैंक लि. को लगानी | सिभिल बैंक लि. बाट लिएको सापटी | सिभिल बैंक लि. लाई सापटीमा ब्याज भुक्तानी | सिभिल बैंक लि. मा रहेको मौज्दात |
|---|---|---|---|
| रु. ६,११,०८,०४७/- | रु.२८,५२,३२,११४/- | रु. २,९४,६६,७६४/- | रु. ५,८७,५०,१९०/- |

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति सेयर आम्दानी अनुपात (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति सेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १२.२६ | ६२.५८ | १७३.४७ | १२८२.२० | ४५.८१% |

**२. व्यवस्थापकीय विश्लेषण** :

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

कोभिड-१९ को कारण विश्व अर्थतन्त्रमा परेको प्रभावसँगै लघुवित्त वित्तीय संस्थाहरुमा पनि कार्यक्रम सञ्चालनको लागि धेरै किसिमका समस्याहरु परेको यस परिस्थितिमा संस्थाले नेपाल सरकार तथा नियमक निकायहरुले जारी गरेको निर्देशन अनुरुप सेवा प्रदान गर्दै अगाडि बढिरहेको छ। बन्दाबन्दीको अवधिमा कर्जा लगानी तथा असुली पूर्ण रुपमा हुन नसकी ब्याज आम्दानी तथा अन्य आम्दानीमा समेत प्रतिकुल असर परेको कारण लक्ष्य बमोजिम प्रगति हुन नसकेको अवस्था छ। संस्थाले आफ्ना ग्राहकहरुलाई यो विषम परिस्थितिमा परेका आथिक तथा ब्यवसायीक समस्याहरु समाधान गर्नमा मद्दत गरिरहेको कुराले ग्राहकहरुको मन जित्न र समुदायमाझ आफ्नो भूमिकालाई उत्कृष्ट रुपमा प्रस्तुत गर्न सफल भएको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

राष्ट्रिय स्तरको कार्यक्षेत्रको अनुमति प्राप्त यस वित्तीय संस्थाले संख्यात्मक बृद्धिभन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडि सारेको छ। फलस्वरुप हालसम्म ४८ शाखा कार्यालयहरु मार्फत ग्राहक सदस्यहरुलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। साथै, लघुवित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पँहुच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लैजाने यस वित्तीय संस्थाको भावी योजना अनुरुप आगामी दिनमा थप शाखाहरु विस्तार गर्दै अगाडि बढ्ने लक्ष्यका साथ कार्य भैरहेको छ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

कोभिड-१९ को कारण त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको आम्दानीमा अनुमान गरे अनुरुप वृद्धि हुन सकेको छैन। यस्तो परिस्थितिमा समेत संस्थाले सञ्चालन लागत तथा वित्तीय लागतमा नियन्त्रण गर्दै सन्तोषजनक मुनाफा हासिल गर्दै कार्यक्रमलाई निरन्तरता दिन सक्नु संस्थाको सबल पक्ष रहेको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) सेयर कारोवार धितोपत्र बजारबाट निर्देशित हुने हुँदा व्यवसायको बृद्धिसंगै कारोवार मूल्य सकारात्मकतातर्फ उन्मुख हुनु स्वभाविक हो। राजनैतिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्सूचेन्जको वेबसाइटअनुसार त्रैमासिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १०२२ | ५५७ | ७६७ | १२ | ५०६ |

**५. समस्या तथा चुनौती** :

(क) विश्वव्यापी महामारीको रुपमा फैलिदै रहेको कोभिड-१९ को नकारात्मक प्रभाव र राज्यले अवलम्वन गरेको बन्दावन्दी नीतिले ग्रामिण क्षेत्रमा नियमित वित्तीय कारोवारहरु हुन नसकिरहेको अवस्थामा आगामी दिनमा लघुवित्त कार्यक्रमलाई पहिलेकै अवस्थामा सञ्चालन गर्न र थप कार्यक्रमहरु विस्तार गरी अधि बढ्न चुनौतीपूर्ण हुने देखिएको छ।

(ख) लगानी मैत्री वातावरणको अभाव, दक्ष जनशक्तिको अभाव, बढ्दो प्रतिस्पर्धा, सञ्चालन खर्चमा हुनसक्ने वृद्धि तथा नीतिगत परिवर्तनबाट चुनौती सृजना हुन सक्ने।

(ग) दुर्गम स्थानहरुमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार, सूचना प्रविधि आदिको अभावको कारण त्यस्ता स्थानहरुमा उल्लेख्य मात्रामा कार्यक्रम विस्तार गर्न नसकिएको।

(घ) अप्रत्याशित रुपमा आईपर्ने प्राकृतिक दैवि विपत्तिबाट सृजना हुने परिस्थितिबाट हुनसक्ने चुनौती।

**६. संस्थागत सुशासन** :

यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु पालना गर्दै संस्थागत सुशासनका लागि सदैव प्रतिबद्ध रहेको छ। साथै वित्तीय संस्थाका सेयरधनिहरु प्रति वित्तीय संस्थाको सञ्चालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ। नेपाल राष्ट्र बैंकको नीति नियमअनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै आएको छ। लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था तथा सदस्यहरुलाई अप्ठ्यारो परेको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित ग्राहक सुरक्षण कोषको ब्यवस्था गरिएको छ। यस वित्तीय संस्थाको सञ्चालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउन विभिन्न उपसमितिहरु गठन गरि कार्य संचालन गर्दै आएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय-समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन संचालक समिति कटिवद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन।